**संसद जर्नल,** असार २०८२, वर्ष -२,अङ्क -१, पूर्णाङ्क-२, पृ. २७-४३
© २०८२ संघीय संसद सचिवालय
https://
www.parliament.gov.np
ISSN: 3059-9555

# मिडिया कभरेजमा तेस्रो सल्लाहकार सभा

**डा. जगत नेपाल***

**लेखसार**

*प्रस्तुत अनुसन्धानात्मक लेख १०४ वर्ष लामो राणा शाहीको अन्त्यपछि बनेको तेस्रो सल्लाहकार सभा (व्यवस्थापिका) र यसले गरेका काम कारवाही बारे केन्द्रीत छ । २००७ सालको क्रान्तिबाट प्रजातन्त्रको स्थापना भएपछि संविधानसभा निर्वाचन गरी जनप्रतिनिधिहरूले बनाएको संविधानका आधारमा मुलुकको शासन व्यवस्था अघि बढाउने मार्गचित्र तय भएको थियो। संविधानसभाको गठन नहुञ्जेलसम्म सरकारलाई सरसल्लाह दिन, मुलुक र जनताका प्रमुख मुद्धामा छलफल बहस चलाउन, कानून निर्माणमा सरकारलाई सघाउन सल्लाहकार सभा गठन गरिएको थियो। राजा त्रिभुवनले संविधानसभा निर्वाचन गर्ने भनी गरेको घोषणा बमोजिम निर्वाचन हुन सकेन। राजनीतिक संक्रमणमा बढ्दै गयो। सरकार गठन र बिघटनका खेल चलि रहे। २००७ देखि २०१५ सालसम्मको अवधिमा मोहनशमशेर राणा, मातृकाप्रसाद कोइराला, टंकप्रसाद आचार्य, डा० के.आई. सिंह नेतृत्वका सरकार बने। बिच-बिचमा राजाले कहिले प्रत्यक्ष त कहिले परामर्शदात्री सरकार चलाए। अन्तमा संविधानसभाको मुद्धा तुहियो र मुलुकमा संसदीय चुनाव हुने भयो। नेपाली कांग्रेसका नेता सुवर्णशमशेर राणाको अध्यक्षतामा चुनावी सरकार बन्यो र राजाले तेस्रो सल्लाहकार सभा गठन गरे। यो आलेखमा पत्रपत्रिकामा प्रकाशित समग्रीको अध्ययनका आधारमा तेस्रो*

* उप-प्राध्यापक, रत्न राज्यलक्ष्मी क्याम्पस, काठमाडौं

*सल्लाहकार सभाका काम कारवाही बारे खोजी गर्ने प्रयास गरिएको छ। यो अध्ययन संसदीय राजनीति बारे जान्न र अनुसन्धान गर्न चाहनेहरूका लागि उपयोगी हुन सक्छ।*

**शब्द कुञ्जीः** पत्रपत्रिका, मिडिया, संसद्, राजा र मन्त्रीपरिषद्का अध्यक्ष

## पृष्ठभूमि

नेपालमा राणा शासनको अन्त्य भएपछि संविधानसभा चुनाव गरी जनप्रतिनिधिहरूले बनाएको संविधानका आधारमा मुलुकको शासकीय स्वरुप निर्धारण गर्ने मार्गचित्र बन्यो। निर्वाचन नहुञ्जेल विधायिकाको काम गर्न अन्तरिम शासन विधान २००७ मा सल्लाहकार सभाको व्यवस्था गरियो (नेपाल अन्तरिम शासन विधान २००७, नेपाल कानून आयोग, सन् २०१८, पृ.१३—२२)। मुलुकका प्रमुख मुद्धाहरुमा छलफल बहस गर्ने, पर्याप्त छलफल र बहस मार्फत कानून तर्जुमा गरी स्वीकृतिका लागि राजासमक्ष सिफारिस गर्ने, बजेट र करका दायरामाथि छलफल गरी सरकारलाई सल्लाह-सुझाव दिने अधिकार सल्लाहकार सभामा रहेको थियो। व्यवस्थापिकाका रूपमा गठन भए पनि राज्य सञ्चालनको सम्पूर्ण अधिकार राजामा निहित भएकाले सल्लाहकार सभा नाम मात्रको संसद थियो।

हरेक वर्ष छ-छ महिनाको अन्तरमा राजाबाट सभाको बैठक आव्हान गर्ने, हिंउदे अधिवेशनलाई विधेयक र वर्षेलाई बजेट अधिवेशनका रूपमा सञ्चालन गर्ने सिद्धान्त अवलम्बन गरिएको थियो। बजेट र करका दायरामाथि छलफल गरे पनि सभाको निर्णय मान्न सरकार बाध्य हुनु पर्दैनथ्यो। त्यसैले सरकारको लगाम यस सभासँग थिएन। राजा र राजपरिवारको आचरणका विषयमा छलफल गर्न तथा सरकार विरुद्ध अविश्वासको प्रस्ताव ल्याउने सम्मको अधिकार पनि यो संसदलाई थिएन (बस्नेत, २०६६, पृ. ४१६)। तैपनि नेपालमा बेलायती वेष्ट मिनिष्टर प्रणालीको अनुसरण गर्दै संसदीय अभ्यासको जग बसाउन सल्लाहकार सभाले योगदान पुऱ्यायो। राजा महेन्द्रले चुनाव हुन नदिन तेस्रो सल्लाहकार सभामा अनेकौं प्रयास गरे, यद्यपि निर्वाचन रोक्ने दरबारको चाहना पुरा हुन पाएन।

## अध्ययन विधि

गुणात्मक अध्ययन विधिमा आधारित यो अनुसन्धान २००७ सालको क्रान्तिपछि बनेको तेस्रो सल्लाहकार सभा, यसले गरेका काम कारवाही र संसदीय अभ्यासका बिषयमा केन्द्रित छ । अध्ययनका क्रममा पूर्व प्रकाशित सन्दर्भ समग्री र पत्रपत्रिकाको अध्ययन गरिएको छ। प्राप्त तथ्याङ्कहरुलाई वर्णनात्मक विधिका माध्यमबाट प्रस्तुत गरिएको छ ।

## तेस्रो सल्लाहकार सभा गठन

२००७ सालको राजनीति परिवर्तनपछि संविधानसभा निर्वाचन गरी जनप्रतिनिधिहरूले बनाएको संविधान मार्फत मुलुकमा शासकीय प्रणालीको टुङ्गो लगाउने मार्गचित्र बनेको थियो। राजा त्रिभुवनले नै फागुन ७ गते दुई वर्ष भित्र संविधानसभा निर्वाचन गराउने शाही घोषणा गर्दै अन्तिम राणा प्रधानमन्त्री मोहनशमशेरको नेतृत्वमा नेपाली कांग्रेस सम्मिलित संयुक्त सरकार गठन गरेका थिए। चुनाव नहुदासम्म सरकारलाई सल्लाह दिने गरी दुई वटा सल्लाहकार सभा गठन भए पनि चुनाव हुन सकेको थिएन। बरु दरवारले संक्रमणकाल लम्ब्याउँदै दलहरूलाई थकाउदै आफू अनुकुल सरकार बनाउने, विघटन गर्ने र शक्ति सञ्चय गर्ने रणनीति अपनाई रहेको अवस्था थियो। यसबीच राजालाई चुनाव गराउन दवाव दिने उद्देश्यले दलहरूले भद्र अवज्ञा आन्दोलन चलाए। त्यसपछि मात्र राजा महेन्द्र चुनाव गराउन तयार भए। तर, संविधानसभा वा संसद के का लागि चुनाव गराउने भन्ने कुराको अझै टुङ्गो लाग्न सकेन। अन्तमा नेपाली कांग्रेसका नेता सुवर्णशमशेर राणाको अध्यक्षतामा चुनावी सरकार बन्यो। दलहरू निर्वाचन अभियानमा रहेका बेला राजाबाट तेस्रो सल्लाहकार सभा गठन गर्ने घोषणा गरियो। २०१४ फागुन २२ गते को शाही घोषणामा भनिएको थियो — *“यही २०१५ फागुन ७ गतेदेखि संसदको निमित्त आम चुनाव शुरु हुने कुरा सबैले थाहा पाएकै छ । आम चुनाव नभएसम्म पनि मुलुकको कामकाजमा सरकारलाई रोज सल्लाह दिन एक सल्लाहकार सभा गठन गर्ने पनि हाम्रो इरादा हो। प्रत्येक जिल्लाबाट सबैले पत्याएका, जनतालाई दुःख नदिने, इमान्दार, देश र*

*नेपाल, डा. जगत, २०८२*

*जनताको भलो चिताउने, सेवाभाव भएका यस्ता खालका को को मानिस छन् ५ जनाको नाम पठाउनू।"* (गोरखापत्र, २०१४ फागुन २४, पृ. १)

अनि बडाहाकिमको अध्यक्षतामा गठित चुनाव समितिले जिल्ला जिल्लामा जनता भेला पारेर निर्वाचन गरेको घोषणा गरे पनि आफूलाई मन परेका मानिसहरुको नाम सिफारिस गरी पठाई दिए (कल्पना, २०१४ चैत्र २३, पृ. १)। जनतामा शिक्षा र चेतनाको कमी रहेको, सल्लाहकार सभा बारे धेरैलाई चासो नभएका कारण पनि दुर दराजका जनताले बडाहाकिमहरुको निर्णयमा आपत्ति जनाएनन्। तर काठमाडौं लगायत शहरी क्षेत्रमा भने चुनावी प्रकृयाको व्यापक विरोध र आलोचना भएको पाइयो। २०१४ चैत्र २६ गते काठमाडौंको टुडिखेलमा सल्लाहकार सभा सदस्य चयनका लागि मतदानको कार्यक्रम राखिएको थियो। 'टुडिखेलमा प्रजातन्त्रवादको "चीर हरण" दुई जना नेपालीलाई लाजले लुक्ने ठाउँ फेला परेन' शिर्षकमा कल्पना दैनिक मुख्य समाचारमा लेख्छ—

*चुनाव प्रणालीलाई कसैले गाइजात्रा र कसैले केटाकेटीको खेल भन्न पनि नसुहाउने संज्ञा दिएको सुनियो। एक जनाले जो सुकै, जति सुकैलाई, जति पटक भोट दिए पनि हुने प्रणाली अख्तियार गरिएको थियो। धेरै जनाले धेरै पटक भोट दिएको पनि देखियो। नागरिकताको पनि कुनै प्रश्न थिएन। र हिजो नेपालको राजधानीको मुटु टुडिखेलमा प्रजातन्त्रको "चीरहरण" भइरहेको देखियो। (कल्पना, २०१४ चैत्र २८, पृ. १)*

बडाहाकिमहरूले प्रत्येक जिल्लाबाट पाँच जनाको दरले इच्छाएका मानिसहरुको नाम दरबारमा पठाए। प्राप्त नामहरूमध्येबाट राजाले २०१५ जेठ २० गते मन्त्रिपरिषद्सँग परामर्श गरी सल्लाहकार सभामा ६२ सदस्य मनोनयन गरे (गोरखापत्र, २०१५ जेठ २०, पृ. १)। राजनीतिक दलबाट दुई-दुई जनाका दरले १२ सदस्य मनोनीत गर्ने भनिए पनि संयुक्त प्रजातन्त्र पार्टीले सदस्यका लागि नाम सिफारिस गरेन (कल्पना, २०१५ जेठ २६, पृ. १)। त्यसैले दलहरुको सिफारिसमा मनोनीत १०, राजाबाट मनोनीत १३ र मन्त्रिमण्डलका सदस्य सहित यो सभामा कुल ९१ सदस्य थिए। २०१५ मंसिर ४ गते दिउँसो २ बजे ग्यालरी बैठक सिंहदरवारमा राजाको हुकुम वमोजिम सल्लाहकार सभा

सचिवालयका सचिव कुलशेखर शर्माले सभाका जेष्ठ सदस्य लोकनाथ जोशीलाई सपथ गराए। जोशीको अध्यक्षता मन्त्रिपरिषद्का अध्यक्ष तथा चार मन्त्री सहित सल्लाहकार सभाका ६७ सदस्यले सपथ लिए। बैठकले २०१५ मंसिर ८ गते अध्यक्ष पदका लागि निर्वाचनको मिति तय गर्‍यो। (गोरखापत्र, २०१५ मंसिर ६, पृ. १)

## सूर्यबहादुर थापा अध्यक्षमा निर्वाचित

सल्लाहकार सभाको अध्यक्ष चयनका लागि २०१५ मंसिर ८ गतेको मिति तय भयो। निर्धारित समयमा नेपाली कांग्रेसका होराप्रसाद जोशी, नेपाली राष्ट्रिय कांग्रेसका कीर्तिनिधि विष्ट, नेपाल प्रजापरिषद्का काशीराज उपाध्याय र स्वतन्त्र सांसद सूर्यबहादुर थापाको मनोनयन पर्‍यो। एकल संक्रमणीय प्रणाली अन्तर्गत पहिलो चरणमा भएको मतदानमा कुनै पनि उम्मेद्वारले विजयी हुन आवश्यक ५१ प्रतिशत मत पाउन सकेनन् (हालखबर, २०१५ मंसिर ९, पृ. १)। कुल ७५ सदस्यले मतदान गरेकोमा ८ मत बदर भए। पहिलो चरणमा सूर्यबहादुर थापाले २५, होराप्रसाद जोशीले १८, काशीराज उपाध्यायले १४ र कीर्तिनिधि विष्टले १० मत पाए। निर्वाचनको नियम अनुसार सब भन्दा कम मत पाउने कीर्तिनिधि विष्ट प्रतिस्पर्धाबाट बाहिरिए। उनलाई प्राप्त मत मध्ये दोस्रो प्राथमिकता क्रममा रहेका मत शेष उम्मेद्वारहरूलाई बाँड्दा सूर्यबहादुर थापाले २७, होराप्रसाद जोशीले २० र काशीराज उपाध्यायले १८ पाए।

यस चरणमा समेत कुनै उम्मेद्वारको पक्षमा आवश्यक मत नपुगेकाले सबै भन्दा कम मत प्राप्त गर्ने काशीराज उपाध्यायलाई प्राप्त मत दोस्रो प्राथमिकता क्रमका आधारमा बाँकी दुई उम्मेद्वारहरूलाई बाँड्दा सूर्यबहादुर थापाले ३० र होराप्रसाद जोशीले २१ मत पाए। फेरि पनि विजयी हुन आवश्यक ५१ प्रतिशत मत दुवै उम्मेद्वारको पक्षमा पुगेन ।

२०१५ मंसिर ९ गते सूर्यबहादुर थापा, होराप्रसाद जोशी र काशीराज उपाध्यायका बीच पुनः मतदान हुँदा ७६ मत खसेकोमा ४ बदर भए। सूर्यबहादुर थापाले २९, होराप्रसाद जोशीले २७ र काशीराज उपाध्यायले १६ मत पाए। यो चरणमा समेत पचास प्रतिशत

भन्दा बढी मत कुनै उम्मेद्वारले पाउन सकेनन्। सबभन्दा कम मत पाउने काशीराज उपाध्यायलाई उम्मेद्वार सूचीबाट हटाएर उनलाई प्राप्त मतहरूमध्ये दोस्रो प्राथमिकता क्रममा रहेका उम्मेद्वारलाई बाँड्दा होराप्रसाद जोशीलाई ३२ र सूर्यबहादुर थापालाई ३० मत प्राप्त भयो। अझै दुवैले विजयी हुन आवश्यक मत पाएनन्। यसरी अध्यक्ष पदका लागि सूर्यबहादुर थापा र होराप्रसाद जोशीबीच तेस्रो चरणको प्रतिस्पर्धा गराइयो। कुल ७६ मत परेकोमा थापाले ४४ र जोशीले ३१ मत प्राप्त गरे, एक मत बदर भयो (शर्मा, २०१६, पृ. ६६)। यसरी तेस्रो पटकको मतदानबाट स्वतन्त्र उम्मेद्वार सूर्यबहादुर थापा सल्लाहकार सभाको अध्यक्षमा निर्वाचित भए (गोरखापत्र, २०१५ मंसिर ११, पृ. १)। स्वतन्त्र उम्मद्धवार विजयी हुनु प्रजातान्त्रिक दल भित्रको फाटोको परिणाम थियो। अध्यक्षमा निर्वाचित हुँदा थापा मात्र ३१ वर्षका थिए। मंसिर ११ गते राजाले सल्लाहकार सभालाई सम्बोधन गरे र मंसिर १६ गते सभाले राजामा धन्यवाद प्रस्ताव पारित गर्‍यो। मंसिर १८ गते उपाध्यक्षको निर्वाचन मिति तय भए वमोजिम सुशीला थापा, योगेश्वर मिश्र, सेमन्तराज बनारसी, नगेन्द्रप्रसाद रिजाल र भरतमणि शर्मा उम्मेद्वार बने। पहिलो चरणमा मदानमा कुनै उम्मेद्वारले विजयी हुन आवश्यक मत पाएनन्। दोस्रो चरणको चुनावमा ६१ जनाले मतदान गरे तीन मत बदर भयो। नगेन्द्रप्रसाद रिजालले ३६ र भरतमणि शर्माले २२ प्राप्त गरे। नगेन्द्रप्रसाद रिजाल उपाध्यक्षमा निर्वाचित भए (कल्पना, २०१५ मंसिर १९, पृ. १)।

## चुनाव रोक्ने दरवारको प्रयास

संविधानसभा निर्वाचन गरी जनप्रतिनिधिहरुले बनाएको संविधानका आधारमा मुलुकको शासनभार अघि बढाउने मार्गचित्र २००७ सालको क्रान्तिले बनाए पनि दरवारले एक पछि अर्को वहाना गर्दै, संक्रमणकाल लम्व्याउदै, दलहरुलाई थकाएर २०१४ सालको अन्त तिर संसद स्वीकार बाध्य बनाएको थियो। राजा महेन्द्र जनतालाई अधिकार दिने पक्षमा थिएनन्। उनी प्रारम्भदेखि नै राजतन्त्रको जरा वलियो बनाउने रणनीतिमा सक्रिय थिए। छ महिना भित्र चुनाव घोषणा गर्न दवाव दिने उद्देश्यले दलहरुले भद्र अवज्ञा आन्दोलन सञ्चालन गरेपछि राजाले आफै संविधान दिने र संसदको चुनाव गर्ने घोषणा

गरेका थिए। त्यो पनि सिद्धान्ततः गणतन्त्रवादी मानिएका कम्युनिष्टलाई समेत राजतन्त्र स्वीकार्न लगाएर। नेपाली इतिहासको तेस्रो तथा अन्तिम सल्लाहकार सभाका अध्यक्ष सूर्यबहादुर थापाले भनेका छन्—*सभाको बैठक बस्न थालेपछि चुनाव नगराउने पक्षमा वातावरण बनाउन दरवार सक्रिय भयो। राजा निकट मन्त्री, सल्लाहकार सभा सदस्य र दरवारका मानिसहरु यो मिसनमा खुलेरै लागेका थिए। राजा भने प्रतिक्रियाविहिन अवस्थामा थिए* (थापा, २०७९, पृ. १२०) ।

सल्लाकार सभाको निर्णय सरकारका लागि बाध्यकारी थिएन। सभा गठन गर्दाको शाही घोषणामा भनिएको थियो—सभामा बहुमतले व्यक्त गरेका प्रमुख विचारधाराको सरकारले कदर गर्ने छ। चुनाव सम्वन्धी प्रगतिको रिर्पोट सभामा पेश गरिने छ र त्यस सम्वन्धी सल्लाह लिइने छ (गोरखापत्र, २०१४ माघ २१, पृ. १—४)। संसदीय व्यवस्था अंगिकार गरेपछि व्यवस्थापिकाको निर्णय मान्नु सरकारको प्राथमिक दायित्व हुन्थ्यो र दरवार सरकार माथि नैतिक दवाव सिर्जना गर्न चाहन्थ्यो। नेपाली कांग्रेस, राष्ट्र«वादी गोरखा परिषद् र नेपाल कम्युनिष्ट पार्टी सहितका दल चुनावी गृहकार्यमा व्यस्त थिए। कतिपय साना दलमा प्रतिस्पर्धा गर्ने आँट नै थिएन। आफ्नो मिसन सफल बनाउन दरवारले साना दललाई उपयोग गर्ने नीति बनायो। अनी आम निर्वाचन आउन तीन महिना मात्र बाँकी रहदा सल्लाहकारसभाको बैठक बोलाएर राजाले आफू निकटलाई चुनावको विपक्षमा माहौल बनाउन परिचालन गरे। कल्पना पत्रिका २०१५ मंसिर ९ को अंकमा लेख्छ—चुनाव रोक्ने षडयन्त्र सल्लाहकार सभाका स्वतन्त्र सांसदहरुबाट भएको थियो। जसमा बहुसंख्यक राजाबाट मनोनीतहरु नै थिए (पृ. १)।

दरवारले चुनाव रोक्ने अभियान सञ्चालन गर्न सल्लाहकार सभाका कतिपय सदस्यहरुलाई अघि सारेको थियो । त्यसैले निर्वाचनको मिति नजिकिदै गर्दा दरवारको चाहना अनुरुप सभामा चुनाव हुन नदिने गरी प्रस्ताव आउन थाले। कांग्रेस समानान्तरका प्रतिनिधि धनमान सिंह परियार प्रस्तावक र रमेशचन्द्र त्रिपाठी समर्थक रहेको एउटा प्रस्तावमा भनिएको थियो — शाही घोषणा (२०१४ माघ १९) मा दुई सदनात्मक संसद हुने

उल्लेख गरिए पनि जनप्रतिनिधित्व ऐनमा कुन सदनका लागि चुनाव हुने भन्ने स्पष्ट छैन। त्यसैले जनता माझ संविधान ल्याएर मात्र चुनाव गराउनु पर्छ (देवकोटा, २०१६, पृ. ६७०—६७१)। २०१५ मंसिर अन्तिम साता आएको त्यो प्रस्तावको विपक्षमा बोल्दै सांसद होराप्रसाद जोशीले भनेका थिए— मनोनयन भैसकेपछि चुनाव भाड्ने नियतले यो प्रस्ताव आएको छ यसलाई स्वीकार्नु हुन्न (कल्पना, २०१५ मंसिर २६, पृ. १)। लामो छलफल र बहस पछि परियारको प्रस्ताव बहुमतले पारित भयो। नेपाली राष्ट्रि«य कांग्रेसका कीर्तिनिधि विष्ट, नेपाली कांग्रेस समर्थक स्वतन्त्र पूण्यप्रभादेवी र भरतमणि शर्मा आदीले त्यो प्रस्तावको पक्षमा मतदान गरेका थिए (थापा, २०७९, पृ. १२१)। त्यो घटना पछि होराप्रसाद जोशीले बैठक बहिस्कार गरे भने निर्वाचन सार्न गरिएको चलखेलको ठूला दलले खुलेर विरोध गरे।

## चुनाव रोक्न जोगी कार्ड

निर्वाचन आयोगको कार्यतालिका वमोजिम राजनीतिक दलहरुले सबै प्रक्रिया पूरा गरी चुनाव चिह्न पाइसकेका थिए। यातायात, साधन श्रोत र कर्मचारीको अभावमा निर्वाचन आयोगले विभिन्न चरणमा मतदान गराउने तालिका बनाएको थियो। निर्वाचन कार्यक्रम अनुसार २०१५ कात्तिक २४ देखि मंसिर २३ गतेसम्म उम्मेद्वारी दर्ता गर्ने, पुष ३ गतेसम्म उम्मेद्वारी फिर्ता गर्न सकिने र पुष ३० गते उम्मेद्वारको अन्तिम सूची प्रकाशन गर्ने कार्यतालिका थियो (कल्पना, २०१५ असोज १, पृ. १)। देशका कुल १०९ मध्ये २० प्रतिशत अर्थात २२ निर्वाचन क्षेत्रमा उम्मेद्वारी दिने दललाई एउटै चुनाव चिह्न दिने नीति अनुसार आयोगले नेपाली कांग्रेसलाई रूख, नेपाली राष्ट्रिय कांग्रेसलाई छाता, नेपाल राष्ट्रवादी गोरखा परिषद्लाई झोपडी, संयुक्त प्रजातन्त्र पार्टीलाई धानको बाला, नेपाल कम्युनिस्ट पार्टीलाई मकैको घोगा र हँसिया, टङ्कप्रसाद आचार्य नेतृत्वको नेपाल प्रजा परिषद्लाई घन कोदालो, भद्रकाली मिश्र नेतृत्वको नेपाल प्रजा परिषद्लाई हलो, तराई कांग्रेसलाई टाउकोमा गहुँको बिटो बोकेको किसान, प्रजातान्त्रिक महासभालाई हात चुनाव चिह्न दिइसकेको थियो (नेपाल गजेट, २०१५ मंसिर २)। त्यसैगरी नेपाल तराई कांग्रेसले लंगौटी लगाएको मानिस टाउकोमा गहुँको बोझा बायाँ हातले थामेको र दायाँ हातमा

हसिया र राष्ट्रिय पञ्चायतले बाख्रा चिन्ह पाएको थियो (नेपाल गजेट, २०१५ मंसिर २)। दलहरू चुनाव चिन्ह लिएर प्रचारका लागि गाँउ-गाउँ पुगेको, अधिकांश उम्मेद्वारले मनोनयन दर्ता गरि सकेको अवस्थामा मंसिर १७ गते योगी नरहरिनाथले आफ्नो संस्था "नेपाल कर्मवीर महामण्डल" पनि राजनीतिक दल रहको र अन्य पार्टीहरुले जस्तै छुट्टै चुनाव चिह्न पाउनु पर्ने माग राखी राजामा विन्तीपत्र चढाए। राजाले त्यो संस्थालाई निर्वाचन चिन्ह दिनु भन्ने हुकुम प्रमागी गरी मन्त्रीपरिषद्मा पठाई दिए। निर्वाचन आयोगको कार्यतालिका वमोजिम उम्मेद्धवारी दर्ता गर्ने म्याद छ दिन मात्र बाँकी रहदा छुट्टै चुनाव चिह्नको माग राखी योगीले विन्तीपत्र चढाउनु र 'कर्मवीर महामण्डललाई चुनाव चिह्न दिनू' भन्ने राजाको हुकुम परमाङ्गी दरवारले मन्त्रीपरिषद्मा पठाउनु रहस्यमय थियो (बस्नेत, २०७३, पृ. २३५) । राजाको आदेश सरकारले अवज्ञा गर्न सक्ने अवस्था थएिन। मन्त्रीपरिषद्ले योगीको विन्तीपत्र र राजाको हुकुम परमाङ्गी निर्वाचन आयोगमा पठाइदियो। आयोग समेत हुकुम परमाङ्गी नकार्न सक्ने अवस्थामा थिएन तर राजाको आदेश मान्दा चुनाव विथोलिने निश्चित थियो। बस्नेत (२०७३) लेख्छन्—चुनाव विथोल्ने नियताका साथ आएको त्यो हुकुम परमाङ्गीलाई आयोगले हिम्मतका साथ अस्वीकार गऱ्यो र 'महामण्डल'लाई चुनाव चिह्न दिन नमिल्ने निर्णय सुनाई दियो। आयोगको त्यही सुझबुझ पूर्ण निर्णयले योगीलाई अघि सारेर चुनाव रोक्ने दरवारको षडयन्त्र विफल हुन पुग्यो (पृ. २३५)। यसबीच कर्मवीर महामण्डलले चुनाव चिह्न नपाउँदा चुनाव लड्न नपाई हाम्रो हक अधिकारको हनन् भएको हुनाले निर्वाचन बदर गरी पुनः देशव्यापी निर्वाचन गराई पाऊँ भनी सर्वोच्च अदालतमा सरकार विरुद्ध मद्दा दायर गऱ्यो (देवकोटा, २०१६, पृ. ७००)। दरवारको इसारामा चुनाव सार्न षडयन्त्र भएपछि ठूला दलहरुले विरोध जनाए। नेपाल कम्युनिष्ट पार्टी राजनीतिक समितिका सदस्य पुष्पलालले त्यति बेला भनेका थिए—

*उम्मेद्वारी पत्र दाखिल भैसकेकाले निर्वाचनको ८० प्रतिशत काम पुरा भएको छ। बाँकी २० प्रतिशत काम सिध्याउन अब मतदान हुन मात्र बाँकी छ। यस अवस्थामा हुन लागेको निर्वाचन सार्ने प्रयास निन्दनीय छ । सल्लाहकार सभा भित्र र बाहिर*

*नेपाल, डा. जगत, २०८२*

*प्रतिकृयावादीहरुले निर्वाचन विरुद्ध षडयन्त्र गर्दैछन्। ती तत्वहरु, राष्ट्रविरोधी, देशद्रोही र प्रजातन्त्रका शत्रु हुन्।* (हालखबर, २०१५ मंसिर २९, पृ. १)

चुनाव चिन्ह नपाएपछि कर्मवीर महामण्डलले चुनावमा स्वतन्त्र उम्मेद्वार खडा गर्‍यो ।

## चुनाव भाड्ने प्रस्ताव अस्वीकृत

संसदबाट चुनाव रोक्नेचुनावको मिति आउन दुई महिना मात्र थियो। वि.सं. २०१५ पुष २ गते सल्लाहकार सभा सदस्य चित्रमान सिंह बस्नेतले देशको उत्तरी तथा दक्षिणी सिमानाका इलाकामा अनागरिकलाई पनि मतदाता सूचीमा समावेश गरिएको छ। यस्ता अनागरिकको नाम मतदाता सूचीबाट हटाएर सबैले भोट दिन सकुन भन्ने हेतुले मतदान केन्द्रहरु वढी मात्रामा थपि शान्ति सुव्यवस्थाको प्रयाप्त मात्रामा बन्दोवस्त गरेर मात्र चुनाउ शुरु गरियोस् भनि पेस गरेको प्रस्तावको पक्ष र विपक्षमा गर्मागर्म वहस भयो (हालखबर, २०१५ पुस ३, पृ. १)। त्यस प्रसंगमा सल्लाहकार सभामा चलेको वहसका क्रमा गृहमन्त्री डिल्लीरमण रेग्मीले भनेका थिए—*निर्वाचनका समयमा शान्ति सुव्यवस्था र कानूनको श्रृङखला कसैबाट भंग गरिने प्रयत्नलाई सरकारले कदापि सहन गर्ने छैन। सरकारसित यस्ता तत्वहरुलाई दवाउन पर्याप्त शक्ति छ र सरकारले यसको पुरा प्रयोग गर्ने पनि छ। म गृहमन्त्रीका हैसियतले सभालाई विश्वास दिलाउनु चाहन्छु की निष्पक्ष, स्वच्छ र शान्तिपूर्ण आम निर्वाचनको लागि अन्तिम घडीसम्म पनि भएभर शक्ति लगाएर शान्ति सुव्यवस्था कायम राखिनेछ।*

कानूनमन्त्री रणधीर सुब्बाले भनेका थिए —*बडो दुःखको कुरा हो की चुनाव चाँडो शुरु होस् भन्ने प्रस्ताव आउनु पर्नेमा झन चुनाव स्थगित गरियोस् भन्ने प्रस्ताव आउदैछ। माननीय सदस्यहरुले बुझ्नु पर्छ उन्नत मूलुकहरुमा पनि मतदाताहरुको सूची शतप्रतिशत ठीक हुन सक्दैन* (गोरखापत्र, २०१५ पुष ४, पृ. १) ।

अन्तमा मन्त्रीपरिषद्का अध्यक्ष सुवर्णशमशेर राणाले वहस टुङ्ग्याउदै भनेका थिए — चुनाव निश्चित मितिमा हुनेछ। चुनाव गराउने आफ्नो प्रयास सफल हुन सकेन भने

मन्त्रीपरिषद्ले राजिनामा दिनेछ र सरकारबाट वाहिर आउनेछ। सरकारले कुनै हालतमा चुनावको समयमा कानून र व्यवस्था कायम राख्ने छ (गोरखापत्र, २०१५ पुष ४, पृ. १)। मन्त्रीपरिषद्का अध्यक्षले सांसदहरुका प्रश्नको जवाफ दिएपछि उक्त प्रस्ताव सभामा निर्णयार्थ पेश हुँदा चुनाव रोक्नु पर्छ भन्ने पक्षमा २९ र रोक्नु हुदैन भन्ने पक्षमा १५ मत पऱ्यो (गोरखापत्र, २०१५ पुष ४, पृ. १)।

सल्लाहकार सभाको त्यो निर्णयलाई लिएर व्यापक वहस र छलफल चल्यो। नेपाली कांग्रसका सभापति बि.पी. कोइरालाले सल्लाहकार सभालाई प्रजातन्त्र विरोधीको मञ्च बनाउन खोजिए दुर्भाग्यपूर्ण हुने चेतावनी दिए र प्रजातान्त्रिक प्रक्रिया अवरुद्ध गर्ने वैधानिक र नैतिक अधिकार छैन भन्ने प्रतिक्रिया दिए। थापा (२०७९) का अनुसार बि.पी. ले चेतावनी युक्त भाषामा भनेका थिए— *८४ लाख जनतामा केवल सल्लाहकार सभाका २९ सदस्यले चुनाव चाहदा रहेनछन् भन्ने पुष्टि भएको छ। यो २९ जनाले ल्याएको प्रजातन्त्र होइन, यदी चुनाव गर्न दिइएन भने बाध्य भएर हामीले अवैधानीक बाटो अपनाउनु पर्छ* (पृ. १२१)। यसरी चुनाव रोक्न दरवारकातर्फबाट गरिएका प्रयास सफल हुन सकेनन्। त्यसपछि मन्त्रीपरिषद्को सिफारिसमा २०१५ पुष ६ गते आइतवार दिनको ३ बजे देखि सल्लाहकार सभा अनिश्चित कालका लागि स्थगित गरियो (गोरखापत्र, २०१५ पुष ७, पृ. १)। तेस्रो सल्लाहकार सभा ३३ दिन चल्यो। जसमा २ वटा सरकारी र ४ वटा गैर सरकारी विधेयक स्वीकृत भए।

चुनावको मिति आउन महिना दिन मात्र बाँकी रहदा समेत निर्वाचन हुने वा नहुने भन्ने अन्यौल कायमै रहेकाले राजनीतिक दलहरु समेत अलमलमा थिए । २०१५ पुस २२ गते हालखबर दैनिकमा “निर्वाचन सार्न स्मृतिपत्र चढाउने ३७ संस्थामा ३१ जना, चार जनाको एक परिवारबाट पाँच संस्थाको नेतृत्व, फागुन ७ बाट चुनाव शुरु नगरी पछि सार्न माग गर्दै राजामा स्मृतिपत्र बुझाइयो” शीर्षकमा समाचार प्रकाशित भयो। हालखबर लेख्छ—स्मरण रहोस्, ३७ संस्था मध्ये क्रम संख्या २५, २६, २७, २८ र २९ का नेताहरू कलानाथ अधिकारी एकाघर परिवार भित्रका सदस्यहरू हुनुहुन्छ (हालखबर, २०१५ पुस

२२, पृ. १)। राजा महेन्द्रलाई जननिर्वाचित संस्था आयो भने दरवारको अधिकार कम हुन्छ र शक्ति बाँडिन्छ भन्ने डर थियो।

## जनप्रतिनिधित्व ऐन २०१५ स्वीकृत

चुनावको मिति आउन चार महिना बाँकी रहदासम्म राजाले निर्वाचनका लागि आवश्यक कानून जारी गरेका थिएनन्। सरकार र राजनीतिक दलहरुको तीब्र दबावपछि सल्लाहकार सभाको राय लिई मन्त्रिपरिषद्को सल्लाहकार २०१५ कात्तिक १८ गते उनले जनप्रतिनिधित्व ऐन २०१५ जारी गरे। यो ऐन जारी भएपछि निर्वाचन आयोगले चुनाव गराउन आवश्यक कानून प्राप्त गर्न सक्यो।

शिक्षा र चेतनाको दृष्टिले मुलुक पछि परेको, हिजोआज जस्तो चेतनशील जनता, सशक्त सञ्चार, बलिया राजनीतिक दल, नागरिक समाज र प्रविधि तथा पहुँच नभएको त्यो समयमा भोट भन्दा चीनको स्वशासित क्षेत्र तिव्वत भनेर बुझ्ने जनताको संख्या धेरै थियो। राजालाई विष्णुको अवतार ठान्ने, उनलाई देख्यो, छुन पायो वा उनी हिडेको माटोको टिका लगायो भने सबै खाले रोग व्याधि निको हुन्छ भन्ने समाजमा आम निर्वाचन र मतदानको महत्व वुझाएर जनतालाई आफ्नो सार्वभौम अधिकार प्रयोग गर्नका लागि स्वतः स्फूर्त तयार पार्ने काम सहज थिएन।

सुवर्णशमशेर राणाको अध्यक्षतामा चुनावी सरकार बनेको एक महिना एक सातापछि २०१५ असार १० गते प्रमुख निर्वाचन कमिस्नर सुवर्णशमशेर जवराले १०९ सिटका चुनाव हुने टुङ्गो लागेको जानकारी दिए (गोरखापत्र, २०१५ असार ११, पृ. १)। असार अन्तिम साता देखि आयोगले अफिसरहरुलाई आफ्नो इलाकामा खटायो र साउन पहिलो सातासम्म पुगि सक्न आदेश दियो। मुलुकमा पहिलो पटक आम चुनाव हुन लागेकाले अनुभव, साधन श्रोत, यातायात, सञ्चारको अभाव थियो। निर्वाचनको तयारी भैरहदा समेत मतदान गर्नका लागि कति वर्ष पुग्नु पर्ने र कस कसले मतदान गर्न पाउने भन्ने अन्यौल नै थियो। चुनावको मिति आउन केही महिना मात्र बाँकी रहदा २०१५ वैशाख १ गतेसम्म २१ वर्ष उमेर पुगेका नागरिकले मताधिकार पाउने टुङगो लाग्यो। असोज तेस्रो

साता मात्र निर्वाचन आयोगले फागुन ७ गते मतदान शुरु गरि चैत्र २१ गते सम्पन्न गर्ने कार्ययोजना अघि सार्‍यो। आयोगको योजना अनुसार १८ चरणमा मतदान हुने, निर्वाचनका लागि १७ हजार कर्मचारी खटाउने योजना बन्यो (गोरखापत्र, २०१५ असोज १७, पृ. १)। चुनावको मिति आउनु भन्दा तीन महिना अघि २०१५ कात्तिक २४ गते राजाले शाही घोषणा मार्फत जुम्लाका २ बाहेक १०७ क्षेत्रमा प्रतिनिधिसभा सदस्य छान्न अपील गरे (गोरखापत्र, २०१५ कात्तिक २५, पृ. १)। हिउँ पर्ने भएकाले जुम्ला क्षेत्र नं ७३ मा चैत्र २१ र क्षेत्र नं ७४ मा चैत्र ५ गते मतदानको मिति तोकियो। यातायात सुविधा नभएकाले चुनाव सम्बन्धी कागजात तथा चिठीपत्रहरु हवाइजहाजबाट पठाउने व्यवस्था गरियो। आम जनतालाई मतदाता शिक्षा दिन पोष्टर, पम्पलेटको सहयोग लिइएको थियो भने नमुना मतदान, रेडियो कार्यक्रम, गायकहरुद्धारा देशका विभिन्न भागमा चुनाव सम्वन्धी लोकगीत गाउन लगाएर प्रचार गरिएको थियो। चुनाव शुरु हुनु भन्दा नौ महिना अघि देखि 'निर्वाचन सन्देश' नामक पाक्षिक पत्रिका प्रकाशन गरिएको थियो। २०१५ जेठ २८ गते देखि रेडियो नेपालमा हरेक मंगलबार विहान ९.४० देखि ९.५५ वजेसम्म चुनाब बारे जनतालाई जानकारी गराउन निर्वाचन आयोगबाट स्वीकृत समग्री सहितको विशेष कार्यक्रम प्रशारण गर्न थाल्यो। जसमा पहिलो दिन जनकविकेशरी धर्मराज थापाको कविता र गीत प्रशारण भएको थियो (गोरखापत्र, २०१५ वैशाख ३१, पृ. १)। विस्तारै चुनावी वार्ता, विभिन्न भाषामा तयार गरिएका लोकगीत बजाएर चुनावी माहौल सिर्जना गरिएको थियो (नेपाल, २०७२, पृ. ३४)। मतदाता शिक्षाका लागि चलाइएका कार्यक्रमबाट शिक्षित वर्ग मात्र लाभान्वित भए। चेतनाको स्तर कम भएका निरक्षर जनताको वाहुल्यता भएको समाजमा धेरैले चुनावी साक्षरता कार्यक्रमबाट लाभ लिन सकेनन्। देवकोटा (२०३६) लेख्छन्—निरक्षर लाटा सोझालाई भन्दा चेतनशील, घरमा रेडियो राख्न सक्नेलाई नै बुझाउनमा यस्ता कार्यक्रम सफल भए (पृ. ६९४—६९५)।

*नेपाल, डा. जगत, २०८२*

## राजाको देश भ्रमण

राजनीतिक दलहरु चुनावी अभियानमा रहेका बेला देशको अवस्था बुझ्न राजा महेन्द्र नुवाकोटदेखि नेपालगञ्जसम्म ३९ दिनको भ्रमण पुरा गरी माघ १९ गते काठमाडौं आई पुगे। त्यो भ्रमणका क्रममा उनले चुनावमा कुन दलको के अवस्था हुन सक्छ भन्ने कुराको राम्ररी आंकलन गर्ने अवसर पाए (देवकोटा, २०१६, पृ. ५—३३)। आफैले देश भ्रमण गरेर प्राप्त सूचनामा मात्र उनी भर परेनन् चुनाव भयो भने कस्तो परिणाम आउन सक्ला भनेर जासुसी संयन्त्र परिचालन गरे। आफ्ना विश्वासपात्र भूपालमान सिंह जस्ता सल्लाहकारलाई खटाएर गोप्य रिर्पोट पनि लिए। कार्कीले कुनै पनि दलको बहुमत आउदैन भन्ने रिर्पोट दिएका कारण राजा ढुक्क थिए। त्यति हुँदा पनि दरवारको आर्थिक सहयोगमा देशभर स्वतन्त्र उम्मेदवार खडा गरिए (नेपाल, २०७२, पृ. ४०)।

कुनै पनि दलको बहुमत आउँदैन र दलहरूलाई अनुकुल प्रयोग गर्न सकिन्छ भन्ने विश्वासका साथ राजा चुनाव गराउन तयार भए (थापा, २०७९, पृ. १२४)। निर्वाचन हुने निश्चित भएपछि फागुन ७ आउन एक महिना बाँकी रहदा दलको प्रचार अभियान आरम्भ भयो। त्यस अघि चुनाव हुने कुरामा आश्वस्त हुन नसकेर दलहरुले माघ दोस्रो सातातिर चुनावी घोषणा पत्र सार्वजनीक गर्न सके (देवकोटा, २०१६, पृ. ६९५—६९६) । चुनावका क्रममा दल र उम्मेद्वारले आफ्नो पक्षमा मतदातालाई आकर्षित गर्न अनेक प्रकारका लोभ देखाउने, जागिर दिने, पढे लेखेकालाई नोकरी दिने, झगडियाको झगडा मिलाई दिने, जागिरदारलाई प्रमोशन गर्ने आश्वासन दिएका थिए (देवकोटा, २०१६, पृ. ६९५—६९६)।

## निष्कर्ष

व्यवस्थापिका गठनका लागि नेपाली इतिहासमै पहिलो पटक २०१५ फागुन ७ मा शुरु भएको आम निर्वाचनको सम्पूर्ण परिणाम २०१६ वैशाख २८ गते सार्वजनीक भयो (देवकोटा, २०१६, पृ. ६९)। नौ राजनीतिक दल र स्वतन्त्र तर्फका ७८६ उम्मेद्वारले चुनावी प्रतिस्पर्धामा भाग लिएका थिए। त्यस चुनाबमा कुल ४२ लाख ४६ हजार ४

सय ४८ मतदातामध्ये १९ लाख ८१ हजार ३ सय ८१ ले मतदान गरे। निर्वाचनमा नेपाली कांग्रेसले ७४ र गोरखा परिषद्ले १९ सिट जित्यो (नेपाल, २०७२, पृ. ४१)।

जनादेश अनुसार २०१६ जेठ १३ गते अपरान्ह ३ वजे शाही घोषणा गर्दै राजाले नेपाली कांग्रेस संसदीय दलका नेता बीपी कोइरालालाई प्रधानमन्त्री नियुक्त गरी पद तथा गोपनियताको सपथ गराए। यसरी मुलुकको इतिहासमा पहिलो पटक जननिर्वाचित सरकार गठन भयो। जननिर्वाचित सरकार गठन बारे जेठ १३ को अङ्कमा गोरखापत्रले 'नेपालको पहिलो निर्वाचित मन्त्रीमण्डल संगठित, प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइराला, उप प्रधानमन्त्री सुवर्णशमशेर, उप मन्त्री पदमा महिला पनि' शीर्षकमा व्यानर न्यूज बनाएको पाइन्छ। प्रधानमन्त्री कोइरालाले जेठ १४ गते रेडियो नेपालबाट देश र जनताका नाममा सम्बोधन गर्दै भनेका थिए—*निर्वाचनका आधारमा सरकार गठन गर्ने प्रजातान्त्रिक परिपार्टीको शुभारम्भ मलाई प्रधानमन्त्री बनाउने व्यवस्थाबाट भएको छ । निर्वाचिन मार्फत जनताले आफ्नो सरकार आफै बनाउन गरेको नयाँ अभ्यासले नेपाल युगान्तकारी परिवर्तनतर्फ अघि बढेको आभाष हामी सबैमा भएको होला भन्ने मलाई विश्वास छ* (गोरखापत्र, २०१६ जेठ १५, पृ. १)। यसरी एक दशकको बीचमा प्रधानमन्त्रीको 'हुकुम' नै सर्वेसर्वा हुने शासन प्रणालीमा आमूल परिवर्तन भएर नेपाल जनमतका आधारमा सत्ता हस्तान्तरण हुने युगमा प्रवेश गऱ्यो ।

## सन्दर्भ सामग्री


कल्पना. (२०१४ चैत्र २३). पूर्णाङ्क ८४

कल्पना. (२०१४ चैत्र २८). पूर्णाङ्क ७९

कल्पना. (२०१५ जेठ २६). पूर्णाङ्क १४३

कल्पना. (२०१५ असोज १). पूर्णाङ्क २४३

कल्पना. (२०१५ मंसिर ९). पूर्णाङ्क २९९

कल्पना. (२०१५ मंसिर १९). पूर्णाङक ३०९

कल्पना. (२०१५ मंसिर २६). पूर्णाङक ३१९

गोरखापत्र, २०१४ माघ २१, पृ. १ र ४ भाग ५७, संख्या ११८

गोरखापत्र, २०१४ फागुन २४, पृ. १ भाग ५७, संख्या १३१

गोरखापत्र, २०१५ वैशाख ३१, पृ. १ भाग ५८, संख्या २५

गोरखापत्र, २०१५ जेठ २०, पृ. १ भाग ५८, संख्या २१

गोरखापत्र, २०१५ असार ११, पृ. १ भाग ५८, संख्या ३०

गोरखापत्र, २०१५ असोज १७, पृ. १ भाग ५८, संख्या ७३

गोरखापत्र, २०१५ कात्तिक २५, पृ. १ भाग ५८, संख्या ८५

गोरखापत्र, २०१५ मंसिर ६, पृ. १ भाग ५८, संख्या ८८

गोरखापत्र, २०१५ मंसिर ११, पृ. १ भाग ५८, संख्या ९०

गोरखापत्र, २०१५ पुष ४, पृ. १ भाग ५८, संख्या ९९

गोरखापत्र, २०१५ पुष ७, पृ. १ भाग ५८, संख्या १००

गोरखापत्र, २०१६ जेठ १५, पृ. १ भाग ५९, संख्या १८

थापा, सूर्यबहादुर (२०७९). मेरा नौ दशक. काठमाडौं, बुकहिल पब्लिकेसन प्रा.लि.

देवकोटा, गृष्मबहादुर (२०१६). नेपालको राजनीतिक दर्पण, भाग १. काठमाडौं,

नेपाल अन्तरिम शासन विधान २००७. (सन् २०१८). नेपाल कानून आयोग

नेपाल गजेटपत्र. (२०१५ मंसिर २).

नेपाल, जगत. (२०७२). पहिलो संसद् बीपी महेन्द्र टकराब. काठमाडौं, सांग्रिला बुक्स ।

बस्नेत, पुरुषोत्तम. (२०६६). नेपाली कांग्रेसको इतिहासको प्रारूप—भाग १. काठमाडौं

बस्नेत, पुरुषोत्तम. (२०७३). नेपाली कांग्रेसको इतिहासको प्रारूप—भाग २. काठमाडौं, जननायक बी.पी. कोइराला स्मृति ट्रष्ट ।

शर्मा, ढुण्डिराज. (२०१६). पार्लियामेन्ट र सल्लाहकार सभा. काठमाडौं,नेपाल एकेडेमी।

हालखबर. (२०१५ मंसिर ९). वर्ष ३, संख्या ८ ।

हालखबर. (२०१५ मंसिर २९). वर्ष ३, संख्या २८ ।

हालखबर. (२०१५ पुस ३). वर्ष ३, संख्या ३२ ।

हालखबर. (२०१५ पुस २२). वर्ष ३, संख्या ५० ।